
# लेखापरीक्षण प्रतिवेदन

# दोरम्बा गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# दोरम्बा गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/166

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,

दोरम्बा गाउँपालिका, - गाउँ कार्यपालिकाको कार्यालय,
रामेछाप ।

## कैफियत सहितको राय

हामीले दोरम्बा गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ७० लाख २५ हजार र सडक बोर्डको रु.१९ लाख ३६ हजार समेत गरी रु.११ करोड ७२ लाख १८ हजार समावेश गरेको छैन ।

2. गाउँपालिकाको रु.१ अर्ब १७ करोड १४ लाख १८ हजारको लेखापरीक्षण गरिएकोमा रु.२ करोड ५१ लाख ७७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.९९ लाख ७३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.६ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१२ लाख ४५ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ३३ लाख ४९ हजार रहेको छ । गत वर्षसम्म रु.९ करोड ६३ लाख ३१ हजार बेरुजु बाँकी रहेकोमा यो वर्षको रु.१ करोड ५२ लाख ४ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु.११ करोड १५ लाख ३५ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

3. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ र सम्पत्ती तथा राजश्व लगायतका विषयहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यपालिका, ... पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ३९ | ४० | २,५१,७७,९२० | ० | २३ | ९९,७३,७३४ | ० | ३९ | १७ | १,५२,०४,१८६ | ६,०९,१०४ | १,३३,४९,१०५ | १२,४५,९७६ | ० | ० | १,४५,९५,०८१ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रोछाप | ९६३३१ | ० | ० | ९६३३१ | ० | १५२०४ | १११५३५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ११ | सुन्दरपानी कुवा प्रतिक्षालय | १,५४,४२५ |
| २ | २०८०/८१ | ७ | संघीय समपुरक अनुदान | २३,१०,९९२ |
| ३ | २०८०/८१ | २९ | विल भरपाई पेश | १२,३५,५६५ |
| ४ | २०८०/८१ | ४१ | राजश्व असुल बाँकी | ५,६९,६४० |
| ५ | २०८०/८१ | २७ | बढी भुक्तानी | १,४७,०६७ |
| ६ | २०८०/८१ | ४० | नगद दाखिला बाँकी | १,१८,४५० |
| ७ | २०८०/८१ | ३७ | दैनिक भ्रमण भत्ता | १०,०८० |
| ८ | २०८०/८१ | २६ | डि पि आर निर्माण | ५०,०६,३६९ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ४३ | किवि खेती विस्तार कार्यक्रम | १,५९,६८९ |
| १० | २०८०/८१ | ५ | कर दाखिला | २,६१,४५७ |
| जम्मा | | | | ९९,७३,७३४ |

**नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।**

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| | |

# (८०३२४५०४३०० - दोरम्बा गाउँपालिका, रामेछाप )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दोरम्बा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु दोरम्बा शैलुङ गाउँपालिकाको उद्देश्य रहेको छ । यस दोरम्बा शैलुङ गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १४०.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा १७,६६६ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि**

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१४ देखि २०८१।०५।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति**

पालिकाको यस आर्थिक वर्षको आय – व्ययतर्फ रु.१ अर्ब १७ करोड १४ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **एकीकृत आर्थिक विवरण**

दोरम्बा गाउँपालिकाको आ.व. २०८०/८१ को एकिकृत आर्थिक विवरण

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | **शीर्षक** | **रकम** | | **शीर्षक** | **रकम** |
| १. | **गत वर्षको जिम्मेवारी** | | १. | **चालु** | २७४३४८५९४ |
| | बैंक मौज्दात | ६०१०८४१२.६८ | २. | **पूँजीगत** | १६४०९५९१६ |
| | प्रकोप व्यवस्थापन कोष | ३४१२१५९ | ३. | **अन्य खर्च** | १५०१२४०६ |
| | धरौटी मौज्दात | १०५१६१७२.८३ | | | |
| २. | यस वर्षको धरौटी आम्दानी | ६१२८५०२ | ४. | **धरौटी फिर्ता** | ५०४३८२८ |
| ३. | **आन्तरिक राजश्व आम्दानी** | | ५. | **कोष खर्च** | |
| | आन्तरिक राजश्व | ७०६०१७५.२ | | सामाजिक सुरक्षा | ११७०२४९१८ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | २४५५९३२६.०९ | | प्रकोप व्यवस्थापन कोष | १०५७४०९ |
| | राजश्व बाँडफाँड संघीय सरकार | ७५२७४३३१ | | सडक बोर्ड तर्फ | १९३५३७८ |
| | अन्य आय | | ६. | **<u>मौज्दात</u>** | |
| ४. | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | बैंक मौज्दात | ७२७६७४२८.६४ |
| | वित्तीय समानिकरण अनुदान | ११०३९१००० | | धरौटी मौज्दात | १०२८८९९०.११ |
| | सशर्त अनुदान | १९०३६८१३८.४६ | | प्रकोप व्यवस्थापन खाता | ५३६२३६९ |
| | समपुरक अनुदान | ५०००००० | | | |
| | विशेष अनुदान | ११५००००० | | | |
| ५. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | |
| | वित्तीय समानिकरण अनुदान | १२४०६००० | | | |
| | सशर्त अनुदान | १६०६१०२१.२० | | | |
| | समपुरक अनुदान | १२१९१७०२ | | | |
| ६. | **विभिन्न कोष तर्फको आय** | | | | |
| | प्रकोप व्यवस्थापन | ३०००००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कोष | | | | |
| ७. | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | सडक बोर्ड नेपाल | १९३५३७८ | | | |
| | सामाजिक सुरक्षा | ११७०२४९१८ | | | |
| | **जम्मा** | **६६६९३७२३६।३०** | | **जम्मा** | **६६६९३७२३६।३०** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **शिक्षा तर्फ**

३.१ **विद्यालय र विद्यार्थी संख्या** – पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४२ | ३१४६ |
| २ | संस्थागत विद्यालय | २ | ११२ |
| | **जम्मा** | **४४** | **३२५८** |

उल्लेखित विवरण अनुसार पालिकाको जम्मा विद्यार्थी संख्या ३२५८ रहेकोमा ९६.५६ प्रतिशत सामुदायिक र ३.४३ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

३.२ **शिक्षकको दरबन्दी र पदपूर्ती** – आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ४२ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २१८ | १०८ | ११४ | ० |

उल्लेखित विवरण अनुसार पालिकामा जम्मा २१८ शिक्षकको दरबन्दी रहेकोमा १०८ जना स्थायी पदपूर्ती र ११४ जना राहत/करारमा नियुक्त गरी जम्मा २१८ पदपूर्ती गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि हुने गरी पठनपाठन लगायत प्रभावकारी शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

३.३ **शिक्षक विद्यार्थी अनुपात** – शिक्षा नियमावली, २०५९ नियम ७७(१) मा सामुदायिक विद्यालयहरुको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । सोही ऐनको १२(क) मा

अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केही विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र स | विद्यालयनाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री सुर्के देउराली माध्यामिक विद्यालय | १५ | ४६० | १:३० |
| २ | श्री कालिका माध्यामिक विद्यालय | २० | ४५८ | १:२३ |
| ३ | श्री काकलिङ माध्यामिक विद्यालय | १६ | २६१ | १:१६ |
| ४ | श्री कण्ठेश्वर माध्यामिक विद्यालय | १६ | २७६ | १:१७ |
| ५ | श्री शिवलिङ्गेश्वर माध्यामिक विद्यालय | १२ | २०३ | १:१६ |
| ६ | श्री सिद्धार्थ जनज्योती आधारभुत विद्यालय | १ | १० | १:१० |
| ७ | श्री कालिदेवी आधारभुत विद्यालय | १ | १० | १:१० |
| ८ | श्री कुशेश्वर आधारभुत विद्यालय | १ | ११ | १:११ |
| ९ | श्री बुद्धोदय आधारभुत विद्यालय | १ | १० | १:१० |
| १० | श्री शैलुङ्गेश्वरी आधारभुत विद्यालय | १ | १२ | १:१२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ४२ वटा विद्यालय २१८ जना शिक्षक र ३१४६ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१४ रहेको छ । पालिकामा रहेका विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:१० देखि अधिकतम १:३० सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विलालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ । नियमावलीमा तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम हुने गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एव् शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ ।

३.४ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन** – पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२६ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने व्यवस्था छ । यद्यपी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्यलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

३.५ **प्रति विद्यार्थी लागत** – पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १८,०७,७८,२४० | १५,६८,८५,९३३ | ३,१४६ | ४९,८६८.३८ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.४९,८६८.३८ रहेको छ ।

३.६ **शैक्षिक गुणस्तर** – पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा २८४ जना विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको उतिर्ण अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा विधार्थी | उतिर्ण प्रतिशत |
|---|---|---|---|
| १ | ३.६१ – ४.०० | १ | ०.३५ |
| २ | ३.२१ – ३.६० | ५ | १.७६ |

उल्लेखित तालिका अनुसार ३.६१ – ४.०० जिपिए ल्याउने २८४ विद्यार्थी मध्ये १ जना, ३.२१ – ३.६० जिपिए ल्याउने ५ जना सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधार्नुपर्ने देखिन्छ ।

## ४ अनुदान निकासा र फिर्ता

४.१ **अनुदान व्यवस्थापन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र स | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | १२ | ९८ लाख |
| २ | पशु तर्फ | ३ | ३८,३८,००० |
| **जम्मा** | | **१५** | **१,३६,३८,०००** |

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा कृषि तर्फका १२ वटा कार्यक्रमको लागि रु.९८ लाख र पशु तर्फका ३ कार्यक्रमको लागि रु.३८,३८,००० गरी जम्मा रु.१,३६,३८,००० अनुदान वितरण गरेको देखिन्छ । अनुदान वितरणको अभिलेख राख्नुपर्नेमा राखेको छैन । विगत वर्षहरुमा दिएको अनुदानमा दोहोरोपना आउन नदिने गरी अनुदान उपलब्ध गराउन सकिने भिडान गर्न सकिने गरी प्रतिवेदन राखेको छैन । पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय नीति तयार गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार भए नभएको एकिन गर्न समेत सूचांक प्राप्त हुने गरी अनुगमन प्रतिवेदन तयार हुनुपर्दछ ।

४.२ **अनुदानको उपयोग** – पालिकाले विगत वर्षमा दिएका अनुदानका केही व्यहोराहरु देहाय बमोजिम छन् ।

| क्र स | अनुदान दिएको आर्थिक वर्ष | कार्यक्रम संख्या | कार्यक्रमको नाम | अनुदान रकम | अनुदान उपयोगको अवस्था |
|---|---|---|---|---|---|
| **कृषि तर्फ** | | | | | |
| १ | ०८०।८१ | २ | किवि विकास खेती विस्तार | ३५ लाख | ११ वटा फमहरु लाई किबी पोल निर्माण गर्न लगाइएको । |
| २ | ०८०।८१ | १ | मौरी विकास कार्यक्रम | २० लाख | गोला सहित मौरि घार र भण्डार कक्ष निर्माण गरिएको । |
| ३ | ०८०।८१ | १ | स्येयर वितरण | २ लाख | २०० किसान लाइ आधा रकममा तिर्न लगाई बितरण गरिएको । |
| ४ | ०८०।८१ | १ | प्लास्टिक टनेल वितरण | २ लाख | १५० किसान लाइ आधा रकममा तिर्न लगाई बितरण गरिएको । |
| ५ | ०८०।८१ | २ | तरकारी मानि किट वितरण | ६ लाख | मौसमी तथा बेमौसमी तरकारी खेति को लागि पालिका भित्र का सम्पुर्ण किसानहरु लाइ तरकारीको बिउ बितरण गरिएको । |
| ६ | ०८०।८१ | २ | विषादी वितरण | ९ लाख | बिभिन बालीनालीमा लाग्ने रोग किरा नियन्त्रण गर्न को लागि बिषादी नि शुल्क वितरण गरिएको । |
| ७ | ०८०।८१ | ४ | चिया कफि टिमुर एभोकाडो विरतण | २४ लाख | बजो जग्गा मा नगदेबाली उत्पादन गर्ने सम्भाब्यता अध्यन गरि नि शुल्क बिरुवा बितरण गरिएको । |
| ८ | ०७९।०८० | १ | मौरी घार वितरण | १२.५ लाख | निर्वाहमुखी खेति लाइ निरुसहित गर्न को लागि ५० प्रतिसत अनुदानमा १५० जना कृषकहरु लाई गोला सहित मौरी घार वितरण गरिएको । |
| ९ | ०७९।०८० | २ | विषादि वितरण | ९ लाख | बिभिन बालीनालीमा लाग्ने रोग किरा नियन्त्रण गर्न को लागि बिषादी नि शुल्क वितरण गरिएको । |
| १० | ०७९।०८० | १ | बादर घपाउने मेशिन | २ लाख | जंगली बन्य जन्तु नियन्त्रण गर्नको लागि रास्ट्रय आविस्कार केन्द्र बाट निर्माण गरियको बादर धपाउने उपकरन ५० % रकम लिई वितरण गरिएको । |
| **पशु तर्फ** | | | | | |
| १ | ०८०\|८१ | १ | चौरी प्रबर्द्धन कार्यक्रम | ८,३८,००० | ११ वटा ब्यवसायिक चौरी पालक फर्म हरुलाई प्रति थप खरिद गरिएको चौरी बराबर रु. ३८,०९० बराबरको अनुदान रकम तोकि जम्मा २२ वटा चौरी बराबरको अनुदान उपलब्ध गराइएको । |
| २ | ०८०\|८१ | १ | बाख्रा प्रबर्द्धन कार्यक्रम दोरम्बा-१ | १०,००,००० | वडा नं. १ को ३ वटा व्यवसायिक बाख्रा पालन फर्महरुलाई ५०% अनुदान रकम उपलब्ध गराइएको |
| ३ | ०८०\|८१ | १ | ब्यवसायिक पशुपंछी तथा माछा पालन गर्ने कृषक, कृषक समुह, फर्म तथा सहकारीलाई अनुदान | २०,००,००० | ७ वटा व्यवसायिक कुखुरा फर्म लाई रु. ५०,०००, २ वटा व्यवसायिक बाख्रा पालन फर्मलाई रु. १,००,०००, २ वटा व्यवसायिक बङ्गुर पालन फर्मलाई रु. १,००,०००, ४ वटा व्यवसायिक माछा पालन फर्मलाई रु. १,००,००० र २ वटा व्यवसायिक माछा पालन फर्मलाई रु. १,७५,००० बराबर अनुदान रकम उपलब्ध गराइएको |
| ४ | ०७९\|८० | १ | हिउँदे घाँसको बिउ तथा बेर्ना खरिद | १,००,००० | ८० के. जी. जै घाँसको बिउ खरिद गरि ५४ जना किसानलाई निशुल्क रुपमा वितरण गरिएको |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ०७९। ८० | १ | वर्षे घाँसको बिउ तथा बेर्ना खरिद | १,००,००० | २७ के. जी. मोलासेस र ५ के. जी. स्टाइलो घाँसको बिउ खरिद गरि ३० जना किसानलाई निशुल्क रुपमा वितरण गरिएको |
| ६ | ०७९। ८० | १ | ब्यवसायिक पशु पालन गर्ने कृषक, कृषक समुह, फर्म तथा सहकारीलाई गोठ खोर निर्माण तथा पशु खरिद अनुदान कार्यक्रम | ५०,००,००० | ९ वटा ब्यवसायिक बंगुर पालन फर्म र १ वटा ब्यवसायिक गाई पालन फर्मलाई प्रति फर्म ५,००,००० बराबरको अनुदान रकम उपलब्ध गराएको |

पालिकाले विगत वर्षमा दिएका अनुदानको सहि सदुपयोग भएको तथा उक्त अनुदानले लाभग्राही तथा पालिकाको आर्थिक सामाजिक रुपमा परिवर्तन ल्याइ आय आर्जनका स्रोतहरुमा समेत बढोत्तरी भएको विवरणहरु अद्यावधिक गर्नुपर्दछ । उक्त अनुदान रकम उपयोगको प्रभावकारी अनुगमन गरी प्रतिवेदन अभिलेख राख्नुपर्दछ ।

४.३ **अनुदान फिर्ता** – आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार संघीय संचित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको शसर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने, उपनियम (२) अनुसार कुनै कारणवश सोही आर्थिक वर्ष भित्र रकम फिर्ता गर्न नसकेमा आर्थिक वर्ष समाप्त भएको एक्काइस दिन भित्र फिर्ता गरी सक्नुपर्ने व्यवस्था छ । साथै महालेखा नियन्त्रक कार्यालयको मिति २०८१/०५/०५ को चलानी नं. १८ पत्र संख्या २०८१/८२ को अनुदान रकम फिर्ता सम्बन्धमा सम्बन्धित स्थानीय तहलाई गरेको परिपत्र बमोजिम आर्थिक वर्ष २०७८/७९ र सो भन्दा अगाडीको आर्थिक वर्षहरुमा संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदान को TSA बाट निकासा भएको वित्तीय हस्तान्तरण र SUTRA बाट खर्च अद्यावधिक विवरण को आधारमा आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०७८/७९ सम्मको देहाय बमोजिम अनुदान फर्ता गर्नुपर्नेमा फिर्ता गरेको देखिएन । आर्थिक वर्ष २०७६।७७ को रु.२,६६,८५,९७३, २०७७।७८ को रु.४,५४,२८,४२० र २०७८।७९ को रु.४,९२,२९,५७४ गरी जम्मा रु.१२,१३,४३,९६७ फिर्ता गर्न बाँकी रहेको देखिन्छ । उल्लेखित परिपत्र बमोजिम संघीय संचित कोषमा अनुदान फिर्ता गर्न बाँकी रहेको रकम फिर्ता गर्नुपर्दछ ।

| आर्थिक वर्ष | अनुदान शिर्षक | बजेट | निकाशा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| २०७६/७७ | सशर्त अनुदान | १७८६८५००० | १७८६८५००० | १५२३९९०२७ | २६२८५९७३ |
| | समपुरक अनुदान | ६०००० | ६०००० | २०००० | ४०००० |
| **जम्मा** | | | | | **२६६८५९७३** |
| २०७७/७८ | सशर्त अनुदान | २११०६२८१० | २०९०७२८१० | १७१९६२१७० | ३७११०६४० |
| | विशेष अनुदान | २०००००० | २०००००० | १८३६९९७० | ८३१७७८० |
| **जम्मा** | | | | | **४५४२८४२०** |
| २०७८/७९ | सशर्त अनुदान | २१५८७५००० | २१५०७५००० | १६७९९५४२२ | ४७०७९५७८ |
| | विशेष अनुदान | ५८०००० | ५८०००० | ५६०२५०० | १९७५०० |
| | सशर्त पूँजीगत अनुदान | १३६५०००० | १३६५०००० | ११६९७५०४ | १९५२४९६ |
| **जम्मा** | | | | | **४९२२९५७४** |
| **कुल जम्मा** | | | | | **१२१३४३९६७** |

५ **कर दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२६१,४५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११७(२क) (१) मा सार्वजनिक निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएकोमा निर्माण व्यवसायीले सम्पन्नको अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्न सक्ने व्यवस्था छ । पालिकाले देहायको योजनाको अन्तिम कार्य स्वीकार प्रतिवेदन तयार गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार ९० प्रतिशत भन्दा कम भौतिक प्रगति हुँदा समेत योजना सम्पन्न गरेको देखिन्छ । पालिकाले समयमा ठेक्का व्यवस्थापन नगरी अन्तिम चौमासिकमा ठेक्का सम्झौता गर्दा नियमावलीमा भएको व्यवस्था भन्दा कम कार्य प्रगति हुँदा समेत कार्य स्वीकार तयार गरी योजनाको अन्तिम भुक्तानी गरेको देखिन्छ । देहायका योजनामा कार्य स्वीकार तयार गरी अन्तिम भुक्तानी गरेकोमा नियमावलीमा भएको व्यवस्था भन्दा कम काम हुँदा समेत अन्तिम भुक्तानी गरेको रु.१,२७,५२,३७५.४४ कार्य नियम संगत नदेखिएको रु.

| ठेक्का नं. | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | कार्य सम्पन्न | न्यून कार्य प्रगति |
|---|---|---|---|---|---|
| DSRM/WORKS/NCB/080/81-13 | तारभिर खोलाघारी सिंचाई दोरम्बा १ | २३९२७१४.८० | १७९७३८५.१९ | १३८९४१२.४४ | ७७.३१ |
| DSRM/WORKS/NCB/07/079/80 | दोरम्बा शैलुङ्ग सडक स्तरोन्नती | ४७९९३९५.७७ | ३२७४९०२.६७ | २७६०३३१ | ८४.२९ |
| DSRM/Works/NCB/080/81-11 | पुडिटार थापागाउँ दोरम्बा थरभञ्ज्याङ्ग सडक | १९१९९९९.३१ | १०३३२६५८.४१ | ८६०२६३२ | ८३.२६ |
| **जम्मा** | | | | **१२७५२३७५.४४** | |

| | |
|---|---|
| अनियमित भएको | १,२७,५२,३७५.४४ |

७ **संघीय समपुरक अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,३१०,९९२.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८ **पर्यटकीय भवन निर्माण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(५) मा योजना तर्जुमा गर्दा उपदफा ३ का विषयलाई संवोधन गर्दै गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेषाविद्, सीमान्तकृत तथा लोपउन्मुख समुदाय, महिला, बालबालिका लगाएतको सहभागितमा योजना छनोट र कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले खोला खर्क बजारमा पर्यटकीय भवन निर्माण गर्न (ठेक्का नं DSRM/Works/NCB/080/81-4) लागत अनुमान रु.१,९१,९९,४७०।१७ तयार गरी ठेक्का आह्वान गरेको देखिन्छ । उक्त भवन निर्माण कार्य गर्न सबै भन्दा घटी अंक कबोल गर्ने श्री नरसिंह निर्माण सेवासँग मिति २०८१।१।१२ मा रु.१,१७,६२,१९९ मा सम्झौता गरेको देखिन्छ । भवन निर्माण कार्यको साइड उपलब्ध गराइदिने भन्दै निर्माण व्यवसायीले मिति २०८१।०१।१७ मा पहिलो पटक र मिति २०८१।१।२४ मा दोस्रो पटक पालिकामा निवेदन दिएको देखिन्छ । वडा कार्यालयले सो क्षेत्रमा भवन निर्माण गर्न नहुने भन्दै मिति २०८१।०१।२३ मा प्रेस विज्ञप्ती जारी गरेको देखिन्छ । साइड उपलब्ध गराउन नसकेको भन्दै कार्यपालिकाले मिति २०८१।०१।३१ मा ठेक्का अन्त्य गर्ने र त्यस सार्वजनिक क्षेत्रमा निर्माण भएका अन्य संरचनाहरु पनि हटाउने गरी निर्णय गरेको देखिन्छ । पालिकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) अनुसार सुविस्ताको आधारमा मिति २०८१।०२।२९ मा ठेक्का तोडेको देखिन्छ । उक्त भवन निर्माण कार्यको लागि पालिकाले निर्माण व्यवसायीलाई निर्माण प्रकृयामा रु.१,००,५८४।८६ भुक्तानी गरेको छ । पालिकाले आवश्यकताको आधारमा आयोजना छनोट गरी कार्यान्वयन गर्नेतर्फ ध्यान नदिदा आयोजना निर्माण कार्यको ठेक्का अन्त्य गर्नु परेको देखिन्छ । पालिकाले आगामी दिनमा योजना छनोट र कार्यान्वयन गर्दा ऐनको दफा २४ बमोजिम सबै पक्षको सहभागिता रहने कार्य गर्नुपर्दछ ।

९ **स्वीकृत दर भन्दा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले स्वीकृत दर रेटको आधारमा निर्माण कार्यको भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको देखिन्छ । स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको रु.१,६५,८३७ सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. मिति | उपभोक्ता/योजनाको नाम | कामको विवरण | परिमाण (घनमिटर) | स्वीकृत दर रु. | भुक्तानी दर रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| २६।०८१।१।१२ | साल्मे लखनपुर खानेपानी मर्मत आयोजना | Earth work excabation | २०२.९५ | ६७६.४५ | ९७६.४५ | ६०८८५ |
| २१।२०८१।०१।१२ | खारपानी गुफा खानेपानी योजना उपभोक्ता समिति | Earth work excabation | १३४.१० | ६७६.४५ | ९७६.४५ | ४०२३० |
| २६।२०८१।०१।१२ | स्याङबोटोल खानेपानी मर्मत उपभोक्ता समिति | Earth work excabation | ३०.७० | ६७६.४५ | ९७६.४५ | ९२१० |
| ६०।०८१।०१।२६ | बाँसघारी गोरेटो बाटो निर्माण उपभोक्ता समिति | Earth work excabation | १८५.०४ | ६७६.४५ | ९७६.४५ | ५५५१२ |
| **जम्मा** | | | | | | **१६५८३७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६५,८३७ |

### १० निर्माण कार्यको बीमा

पालिकाले टोकरपुर अल्छेढुङ्गा सिस्नेरी आलम्पुर गाल्पा सडक निर्माणको लागि रु.१,९१,९९,९९९.९३ को लागत अनुमान तयार गरेकोमा मिति २०८०।१२।२६ मा रु.१,११,७८,१२७।८७ मा शारदा कन्स्ट्रक्सनसँग सम्झौता गरेको देखिन्छ । सडक निर्माण कार्यमा दुई वटा बिल बाट निर्माण व्यवसायीलाई रु.१,०१,७१,९१० भुक्तानी गरेको देखिन्छ । सो आयोजनामा आषाढ महिनाको वर्षादले ग्रावेल र मेशिनरी वाल बगाइ सडकमा क्षति पुर्‍याएको देखिन्छ । सडकको कार्य गर्न पूर्व निर्माण व्यवसायीले NLG Insurance company limited मा मिति २०८१।०२।०९ गते रु.१,२८,५४,८४७।०५ (Insured amount) को बीमा गरेको देखिन्छ । सडक निर्माण कार्यको विग्रे भत्केको मर्मत संभार गर्न बीमाको अवधी मिति २०८१।१२।२५ सम्म रहेको देखिन्छ । तसर्थ सो सडकको विग्रे भत्तेकको खण्डहरु मर्मत संभार गर्न बीमाको अवधि भित्र रहेकोले पालिकाले बीमा दावी गरी बीमाको रकमबाट सडक मर्मत गर्ने तर्फ थप पहल गर्नुपर्दछ ।

### ११ सुन्दरपानी कुवा प्रतिक्षालय

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१५४,४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### १२ बैंक हिसाब मिलान

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंकमा निम्नानुसार बढी मौज्दात देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी एकिन गनुपर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| **धरौटी** | ६९५३४७१ | १०२८८९९०.११ | ३३३५५१९ |
| **संचित कोष** | ६६५६५७७६.०९ | ७२७६७४२८.६४ | ६२०१६५३ |
| **जम्मा** | **७३५१९२४७** | **८३०५६४१९** | **९५३७१७२** |

१३ **आन्तरिक नियन्त्रण प्रणाली**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् –

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार तलबी प्रतिवेदन पारित नगरेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को ६२ बमोजिम राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा ल्याएको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ अनुसार जिन्सी निरीक्षण नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७७(२) अनुसार आन्तरिक लेखापरीक्षण नगराएको,
- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) मा तोकिए बमोजिम प्रदेश लोक सेवा आयोगमा रिक्त पदको सूचना दिएको,
- दोरम्बा गाउँपालिकाको सहकारी ऐन, २०७५ अनुसार सहकारी संस्थाको अनुगमन नगरेको,
- भवन संहिता ऐन, २०५५ अनुसार भवन संहिता पालना नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।

१४ **बजेट र खर्च**

१४.१ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८१।०३।१० गते रु.५६ करोड ६४ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१० मा नै रु.५६ करोड ६४ लाख ५१ हजार पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०६।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानुन अनुसार नै बजेट खर्च गर्ने अख्तियारी दिनुपर्दछ ।

१४.२ **बजेट विनियोजन** – आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

(रु. हजारमा)

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ६१,१०,२० | ३५,६७,७० | ५८.३९ | २५,४२,५० | ४१.६१ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.६१ करोड १० लाख २० हजार बजेट विनियोजन भएकोमा चालु तर्फ ५८.३९ प्रतिशत र पूँजीगत तर्फ ४१.६१ प्रतिशत बजेट विनियोजन भएको छ ।

१४.३ **बजेट तथा पूँजीगत खर्च** – पालिकाको यस आर्थिक वर्षको पूँजीगत बजेट र खर्चको अवस्था देहाय बमोजिम रहेको छ । (रु. हजारमा)

| क्र.स. | आर्थिक वर्ष | वार्षिक विनियोजित बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २५,४२,५० | १६,४०,९५ | ६४.५४ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.२५ करोड ४२ लाख ५० हजार बजेट विनियोजन गरेकोमा रु.१६ करोड ४० लाख ९५ हजार खर्च गरेको छ जुन विनियोजनको तुलनामा ६४.५४ प्रतिशत मात्र हुन आउँछ ।

१४.४ **बजेट तथा चालु खर्च** – पालिकाको यस आर्थिक वर्षको चालु बजेट र खर्चको अवस्था देहाय बमोजिम रहेको छ । (रु. हजारमा)

| क्र.स. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३५,६७,७० | २७,४३,४८ | ७६.९० |

पालिकाले यस वर्ष चालु तर्फ रु.३५ करोड ६७ लाख ७० हजार विनियोजन गरेकोमा रु.२७ करोड ४३ लाख ४८ हजार खर्च गरेको छ जुन विनियोजनको तुलनामा ७६.९० प्रतिशत हुन आउँछ ।

१४.५ **त्रैमासिक पूँजीगत खर्च** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ । (रु.हजारमा)

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ३८२३३ | ० | ० | ९०५ | ३७३२८ | ३३००० |
| २ | प्रदेश पूँजीगत | ८५८६ | ० | ० | ० | ८५८६ | ७२९९ |
| ३ | पालिका पूँजीगत | ११७२७२ | ० | २९६० | ७८७९ | १०६४३३ | ६६०९९ |
| **कूल खर्च** | | **१६४०९१** | **०** | **२९६०** | **८७८४** | **१५२३४७** | **१०६३९८** |
| **खर्च प्रतिशत** | | **१००** | **०** | **१.८०** | **५.३५** | **९२.८४** | **६४.८४** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ९२.८४ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ६४.८४ खर्च भएको छ । त्रेमासिक खर्च स्थिति अनुसार आषाढ महिनामा अत्याधिक खर्च भएको देखिदा कामको गुणस्तरमा आश्वस्त हुने अवस्था छैन । नगद प्रवाह सन्तुलन एवं निर्माण कार्यको गुणस्तरलाई ध्यान दिई बजेट खर्च गर्नुपर्दछ ।

## १५ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु.५ करोड १९ लाख २९ हजार फिर्ता गरेको छ । **(रु. हजारमा)**

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १९३४१७ | १६७२५० | २६१६६ |
| | विशेष | ११५०० | ५७३६ | ५७६३ |
| | समपुरक | ५००० | ० | ५००० |
| **प्रदेश सरकार** | शसर्त | २३२५४ | १६०६१ | ७१९२ |
| | विशेष | २०००० | १२१९१ | ७८०८ |
| | समपुरक | ० | ० | ० |
| **जम्मा** | | **२५३१७१** | **२०१२३८** | **५१९२९** |

१६ **योजना तर्जुमा र कार्यान्वायन तर्फ**

१६.१ **योजना छनौट र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागीतमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ५ | २९०००० |
| २ | रु.१ लाख देखि रु.३ लाख सम्मका योजना | २१५ | ३९६१०००० |
| ३ | रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना | ४२ | १८१५०००० |
| ४ | रु.५ लाखदेखि माथि रु.१० लाख सम्मका योजना | १९ | १५४२६४९५३.३६ |
| ५ | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | १६ | २३५८५६२९.५५ |
| ६ | रु.२५ लाख भन्दा माथीका योजना | १६ | १२२९००००० |
| **जम्मा** | | **३१३** | **३५८८००५८३** |

पालिकाले रु.१० लाख भन्दा साना २८१ वटा योजनामा रु.२१ करोड २३ लाख १४ हजारको सम्झौता गरेको देखिन्छ । यसर्थ पालिकाले साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी उपलब्ध स्रोत र साधनको उपलब्धताको आधारमा कार्यान्वयन गर्न सकिने गरी ठुला र प्राथमिकता प्राप्त योजना छनौट गर्ने कार्यलाई प्राथमिकता दिनुपर्दछ ।

१६.२ **ठेक्का बन्दोबस्त** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गरी बजेट प्रस्ताव गर्ने उल्लेख छ । उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ । **(रु. हजारमा)**

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | २३ | १३,०३,१२ | ० | ० | ० | ० | २३ | १३,०३,१२ | ० | ० | २३ | १३,०३,१२ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागि रु.१३ करोड ३ लाख १२ हजार लागतको २३ ठेक्का बन्दोबस्त गरेकोमा तेश्रो त्रैमासिकमा सबै ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्तमा सबै ठेक्काको कार्य सम्पन्न भएको अवस्था छ । नियमावलीमा भएको उल्लेखित व्यवस्था बमोजिम प्रथम त्रैमासिक अवधि भित्र ठेक्का व्यवस्थापनको कुनै कार्य नभई तेस्रो त्रैमासिक अवधिमा मात्र भएको देखिन्छ । ठेक्का व्यवस्थापन ढिलो हुँदा वर्षको अन्त्य तिर आयोजना निर्माण कार्य सम्पन्न गर्न समयको चाप पर्ने र ठेक्का सम्पन्न गर्न कठिनाई हुने हुँदा नियमावलीमा तोकिएको तोकिएको अवधि भित्र ठेक्का बन्दोबस्तको कार्य गर्नुपर्दछ ।

१६.३ **ठेक्का प्रतिस्पर्धा** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था रहेको छ । पालिकामा यस आर्थिक वर्षमा भएका ठेक्काहरुको प्रतिस्पर्धाको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान (भ्याट बाहेक ) | कबोल रकम (भ्याट बाहेक ) | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | गाल्पा दोरम्बा खोलाखार्क सडक स्तारुन्नती | ५ | ४५९६८११.८१ | ३०३४०१२ | ३४ | नेवा लक्ष्मी निर्माण सेवा |
| २ | दोरम्बा बजार गेट अस्पताल डाँडा रोड | ४ | २१३०२१७.८३ | १५४४२१५ | २७.५१ | नेवा लक्ष्मी निर्माण सेवा |
| ३ | जोर चौतारा अग्लेश्वोरी सल्लाघारी रोड | ५ | २१३०२१८.०१ | १४७२०८०.५ | ३०.९ | सानो शैलुंग निर्माण सेवा |
| ४ | मेग्रे थापागाउँ छाँगा खोला नंग्थाली सुर्के बालुवा रोड | ४ | ३४०४५५३.२४ | २१२३३६७५.५ | ३७.६२ | सुस्मन कन्स्ट्रक्शन एंड सप्लायार्स |
| ५ | चौरिखोला लखनपुर रिस्ठे गुरासे गुन्सल रोड | ४ | ३४०५१३१.२५ | २३०२५०६१ | ३२.३८ | रानी ढुंगा निर्माण सेवा |
| ६ | चौरी खोला लखनपुर गुरासे गुन्से सडक | ४ | ३४०५१३३.०३ | २१४७६१०.६ | ३६.९३ | पपुलर कन्स्ट्रक्शन |
| ७ | तार पुदिघंग मगर दर्गा छ्यार्पा पासेबन रोड | ८ | ४२५१२३८.०६ | २१८६५९४.७ | ४८.५७ | डी.यम. कन्स्ट्रक्शन एंड इन्टरप्राइजेज |
| ८ | तार पुडी थापागाउँ थर भन्ज्याङ टोकरपुर दुदिले भन्ज्याङरोड | ४ | ४२५४११६.१२ | २६३२०६७.३ | ३८.७३ | सुस्मन कन्स्ट्रक्शन एंड सप्लायार्स |
| ९ | टोकरपुर अल्छेढुंगा सिस्नेरी आलामपुर सडक | १५ | १७००३२७७ | ९७९९२२८ | ४२.३७ | शारदा कन्स्ट्रक्शन |
| १० | टोकरपुर दोरम्बा डाँडाकटेरी सहिद पार्क कुखुरे आहाल सडक | ५ | ३४०३९८१.७२ | २२३०७२७.१४ | ३४.४७ | यम .एस फ्ल्योवर कन्स्ट्रक्शन |
| ११ | तार पुडी थापागाउँ डोप्ला थर भन्ज्याङ सडक | ११ | १७००३२२८.३७ | ९०५१०२५.०८ | ४६.७७ | शैलुंगेश्वोरी चौरी खोला कन्स्ट्रक्शन |
| १२ | टोकरपुर पासेबन दर्गा कोइलीबगर सडक | ७ | ७८४९९०२६.३२ | ४१४२४१३२ | ५१.२६ | शैलुंगेश्वोरी कन्स्ट्रक्शन |
| १३ | तारेभिर खोला घारी सिंचाई | ३ | २१३०२२०.३४ | १५४१९३३.८ | २७.६२ | बर्तेश्वोर निर्माण सेवा |
| १४ | खोलाखार्क बजार मा tourism बिल्डिंग | १० | १७०००४६०.३३ | १०३३८२२९.२ | ३९.१९ | नरसिंग निर्माण सेवा |
| १५ | करंग मरंग खोला मुहान हुदई हंग्सुंग गुम्बा मर्मत | ३ | २१२६५००.५९ | १६६६३४३.५० | २१.६४ | खुसि ग्रुप प्रा.लि |
| १६ | बृहत शैलुंग खानिपानी | ३ | ९७८२४४४.९१ | ६४५७६८६.३ | ३३.९९ | आर .को मगर |
| १७ | अपग्रेडिंग अफ गाल्पा दोरम्बा खोलाखार्क रोड | ५ | १४२१९०१.१८ | ९३६५८२.३५ | ३४.१३ | डी.यम कन्स्ट्रक्शन |
| १८ | मेग्रे थापागाउँ छाँगा खोला नंग्थाली सुर्के बालुवा रोड | ३ | ११७५२५९.10 | ७१३८८० | ३९.२६ | न्यु जागृति निर्माण सेवा |
| १९ | चौरी खोला लखनपुर गुरासे गुन्से सडक | ३ | १००१५७५.११ | ९१३४०६ | ८.८ | सानो शैलुंग निर्माण सेवा सेवा |
| २० | तार पुदिघंग मगर दर्गा छ्यार्पा पासेबन रोड | ३ | १६९९२४२.७९ | १०७८८८७५ | ३६.५१ | सानो शैलुंग निर्माण सेवा |
| २१ | अपग्रेडिंग टोकरपुर पासेबन देखि दर्गा कोइली बगर रोड | ३ | १७०५५७४.३२ | १४२६२३५.२ | ७.२७ | आकार निर्माण एंड इंजिनीरिंग कम्पनी |
| २२ | दोरम्बा बजार गेट अस्पताल डाडा सडक | ३ | ५७५४८५.९६ | ५५५९५५.२१ | ३.३९ | लोक ओम कन्स्ट्रक्शन एंड |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सप्लायार्स |
| २३ | दोरम्बा बजार गेट अस्पताल डाडा सडक | ३ | ६०११४२.६६ | ५८३६००.५४ | २.९२ | रानी दुंगा निर्माण सेवा |

उल्लेखित विवरण अनुसार पालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी टोकरपुर पासेबन दर्गा कोइलीबगर सडक योजनामा लागत अनुमानको तुलनामा ५१.२६ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ भने सबै भन्दा कम दोरम्बा बजार गेट अस्पताल डाँडा सडक योजनामा लागत अनुमानको तुलनामा २.९२ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । खुला बोलपत्रको माध्यामबाट कार्य गर्दा प्रतिस्पर्धाको स्थिति र निर्माण कार्यको गुणस्तर कायम हुने गरी ठेक्का व्यवस्था हुनुपर्दछ ।

१६.४ **निर्माण कार्य व्यवस्थापन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।**(रु. हजारमा)**

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ३१३ | २३ | १३,०३,१२ | २९० | ८,९६,५० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३१३ योजनामा मध्ये ठेक्का मार्फत २३ वटा योजनामा रु. १३ करोड ३ लाख १२ हजारमा ठेक्का सम्झौता गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २९० योजनामा रु.८ करोड ९६ लाख ५० हजारमा सम्झौता गरेको देखिन्छ । अर्थात पालिकाका जम्मा ३१३ योजना मध्ये ७.३४ प्रतिशत योजना ठेक्का प्रक्रिया र ९२.६५ प्रतिशत योजना उपभोक्ता समिति मार्फत् संचालन गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्दछ ।

## १७ परामर्श सेवा खरिद

१७.१ **परामर्श सेवा खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी खरिद कार्य टुक्राउन नहुने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही १२(२) बमोजिम तोकिएको आधार लिई गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसार विभिन्न ४ कार्यक्रमको लागि विस्तृत परियोजना प्रतिवेदन तयारीको परामर्श सेवाको लागि रु.५० लाख ३४ हजारको लागत अनुमान तयार गरी यो वर्ष रु.५०,०६,३७०.७३ खर्च गरेको छ ।

| क्र.स. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | सानो शैलुङ पर्यटकिय ताल तथा पूर्वधार निर्माण डि.पि.आर. | आकर इन्जिनियरिङ सोलुसन एण्ड कन्ट्रक्सन प्रालि | ११९७८०० | ११९४४१० | ०.२८ | RPF |
| २ | वडा नं ७ कोल्स्टोर डि.पि.आर. | जि पी मिसिन्स एण्ड कन्ट्रक्सन प्रालि | १४९९९५७.४८ | १४९०३५२.४८ | ०.६४ | RPF |
| ३ | वडा नं. २ कोल्स्टोर डि.पि.आर. | टर्वो इन्जिनियरिङ कन्ट्रक्सन प्रालि | १४९९९५७.४८ | १४८९७८७.४८ | ०.६७ | RPF |
| ४ | ठोटनेरी डाडा बस्के खोलाखर्क सडक | मेन स्ट्रिम कन्सल्टेनट एण्ड प्रालि | ८३६९७०.९१ | ८३१८२०.७७ | ०.६१ | RPF |
| **जम्मा** | | | **५०,३४,६८६** | **५०,०६,३७१** | **०.५६** | |

उल्लेखित विवरण अनुसार पालिकाले यस वर्ष सानो शैलुङ पर्यटकिय ताल तथा पूर्वधार निर्माण लगाएतका ४ योजनाको लागि रु.५०,३४,६८६ को लागत अनुमान तयार गरी रु.५०,०६,३७१ मा सम्झौता गरेको देखिन्छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ०.९९ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस वर्ष डि.पि.आर. गरेका योजनाहरु मध्ये सानो शैलुङ पर्यटकिय ताल तथा पूर्वधार निर्माणमा आयोजनाको कुल लागत रु.१ करोड ९६ लाख रहेकोमा यस आर्थिक वर्षमा रु.२७ लाख ५० हजार र ठोटनेरी डाडा बस्के खोलाखर्क सडकको कुल लागत रु.६२ करोड ९२ लाख ८५ हजार रहेकोमा यस वर्ष पालिकाले रु.५० लाख बजेट बिनियोजन गरेको देखिन्छ भने वडा नं. २ कोल्स्टोर र वडा नं ७ कोल्स्टोरमा बजेट अभाव देखाइ आयोजना कार्यान्वियन गरेको देखिएन । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धा सीमित नहुने गरी परामर्श सेवा खरिद कार्य गर्नुपर्नेमा गरेको देखिएन । लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावलीमा उल्लेखित व्यवस्था अनुसार लागत अनुमानको आधार लिएको छैन । अतः नियमावलीमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

१७.२ **डि.पि.आर. को कार्यान्वायनको अवस्था** – पालिकाबाट प्राप्त विवरण अनुसार गत विगत वर्षहरुमा डि.पि.आर. गरेका देहाय बमोजिमका ४ वटा योजनाहरु हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । त्यसरी कार्यान्वियन हुन बाँकी रहेका योजनाहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.स. | डि.पि.आर. आर्थिक वर्ष | कामको विवरण | परामर्शदाताको नाम | भुक्तानी रकम रु. | योजना कार्यान्वियन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | २०७९।०८० | गन्साल गुम्बा डि.पि.आर. | सगरमाथा इन्जिनरिङ प्रा.लि. | ३५२६९४ | प्रदेशबाट बजेट भएको |
| २ | २०७९।०८० | गाउँपालिका प्रशासकीय भवन डि.पि.आर. | स्टेप कल्सलटेन्सी | १३०८१३४.५० | ०८१।८२ मा १ करोड ५० लाख विनियोजन भएको |
| ३ | २०७९।०८० | गाउँपालिका इन्टरनेट डि.पि.आर. | टर्वोटेक इन्जिनरिङ सोलुसन | ६०७०९० | बजेटको अभाव |
| ४ | २०७९।०८० | गाउँपालिका भित्र जग्गा वर्गिकरण डि.पि.आर. | मेन स्ट्रिम कस्ट्रक्सन एण्ड कल्सनटेन्ट | १२४८८८० | बजेटको अभाव |

उल्लेखित विवरण अनुसार पालिकाले गत विगत वर्षमा डि.पि.आर. गरेका ४ वटा योजनाहरुमा रु.३५,१६,७९९ भुक्तानी भएकोमा उक्त योजनाहरु बजेट अभाव लगतयतका कारणले हालसम्म कार्यान्वयनमा आउन सकेको देखिएन । त्यसैले कार्यान्वयनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परार्मश सेवाको खरिद कार्य गरिनुपर्दछ ।

१८ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| १ | ८ | ९ | ७ | २ |

पालिकाले न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाहीको टुङ्गो लगाउनु पर्दछ ।

१९ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | १२ |
| २. | नियमावली | ४ |
| ३. | कार्यविधि तथा निर्देशिका | १३ |
| ४. | नीति | १ |
| **जम्मा** | | **२०** |

पालिकाले आर्थिक वर्ष २०८०।८१ सम्म १२ ऐन, ४ नियमावली, १३ कार्यविधि तथा निर्देशिका र १ नीति गरी जम्मा ५२ वटा कानुन निर्माण गरी राजपत्रमा प्रकाशन गरेको छ ।

२० **सेवाप्रवाहको स्थिति**

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा १६८८ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह प्रदान गरेको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | १००७ |
| मृत्यु दर्ता | २४३ |
| बसाईसराई दर्ता | ३० |
| विवाह दर्ता | ३८४ |
| सम्बन्ध विच्छेद दर्ता | २४ |
| **जम्मा** | १६८८ |

पालिकाले यस आर्थिक वर्षमा जन्म दर्ता १००७, मृत्यू दर्ता २४३, बसाईसराई दर्ता ३०, विवाह दर्ता ३८४ र सम्बन्ध विच्छेद दर्ता २४ गरी कुल १६८८ पञ्जिकरण सेवा प्रदान गरेको देखिन्छ ।

## २१ कर्मचारी ब्यवस्थापन

२१.१ **दरबन्दी र पदपूर्ती** – स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२ मा तोकिए बमोजिम दरबन्दी अनुसार पदपूर्ती गर्नुपर्दछ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र.स. | स्वीकृत पद | स्वीकृत दरबन्दी सख्या | पदपूर्ती | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | ८ औं तह | १ | - | - | १ |
| २ | ७/८ औं तह | ६ | १ | - | ५ |
| ३ | ६ औं तह | ० | २ | ४ | - |
| ४ | ५ औं तह | २० | १६ | ५ | ४ |
| ५ | ४ औं तह | १४ | ६ | २ | ८ |
| ६ | कार्यलय सहयोगी | - | - | ३ | - |
| ७ | ड्राइभर | - | - | ३ | - |
| **जम्मा** | | **४१** | **२५** | **१७** | **१८** |

उल्लेखित विवरण अनुसार पालिकामा विभिन्न श्रेणीको स्वीकृत दरबन्दी संख्या ४१ रहेकोमा विभिन्न २५ पदमा स्थायी र १७ पदमा करारमा पदपूर्ती गरेको देखिन्छ भने विभिन्न १८ पदमा प्रदेश लोक सेवा आयोगबाट पदपूर्ती हुन बाँकी रहेको देखिन्छ । पालिकाले करारमा नियुक्ती गरेका स्थायी पदपूर्ती हुने पदहरु र रिक्त रहेका पदहरु समेत प्रदेश लोक सेवा आयोग मार्फत् स्थायी पदपूर्ती गरी सेवा प्रवाह गर्ने तर्फ प्रकृया अघि बढाउनु पर्दछ ।

२१.२ **तलबी प्रतिवेदन** – स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्थायी कर्मचारीलाई रु.८९,४२,५२१ र स्वास्थ्य सेवा तर्फका स्वास्थ्यकर्मी रु.१,४२,४८,२९० गरी

जम्मा रु.२,३१,९०,८११ तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८१/८२ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अत: उल्लेखित कानूनी व्यवस्थाको पालनामा हुनुपर्दछ ।

२१.३ **रिक्त पदको सूचना नदिएको** – स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ४१ जना रहेकोमा २५ जना स्थायी, १७ जना करारमा कार्यरत रही १८ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।

२१.४ **स्वत: पद रिक्त** – स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई छैठौ, पाँचौ र चौथो तहका ७ जनालाई करारमा नियुक्त गरेको कार्य नियम संगत नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी गर्नुपर्ने जोखिम रहने हुँदा अध्यादेशमा भएको व्यवस्था बमोजिम हुने गरी रिक्त पदहरुमा पदपूर्ती हुने गरी प्रकृया अगाडी बढाउनु पर्दछ ।

## २२ आन्तरिक आय तर्फ

२२.१ **कर संकलन** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| आन्तरिक आय | १,००,००,००० | ७०,६०,१७५.२० | ७०.६० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ७०.६० प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । तोकिएको अनुसार लक्ष्य बमोजिम आन्तरिक आय गर्न संकलन गर्न नसक्नुका कारण पहिल्याई थप नयाँ श्रोतहरुको पहिचान गरी वार्षिक लक्ष्य अनुसार प्रगति हासिल गर्न पहल गर्नुपर्दछ ।

२२.२ **आन्तरिक र खर्च आयको विश्लेषण** – पालिकाको यस आर्थिक वर्षको जम्मा खर्चमा आन्तरिक आयको हिस्साको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **आर्थिक वर्ष** | **पालिकाको जम्मा खर्च रु.** | **आन्तरिक आय रु.** | **आयको तुलनामा खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०८०।८१ | ४३,८४,४४,००० | ७०,६०,१७५.२० | १.६१ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.४३ करोड ८४ लाख ४४ हजार रहेको छ भने राजश्व संकलन रु.७० लाख ६० हजार गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको १.६१ प्रतिशत हुन मात्र आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता क्रमसः घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने उपायको खोजी गर्ने तर्फ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

## २३ सहकारी तर्फ

२३.१ **कानून निर्माण** – नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची – ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर दोरम्बा गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

२३.२ **सहकारी संस्थाको विवरण** – पालिकामा यस आर्थिक वर्षमा ३ बचत तथा ऋण सहकारी संस्था, २ बहुउद्देश्य सहकारी संस्था र १५ कृषि सहकारी संस्था लिमिटेड गरी जम्मा २० वटा सहकारी संस्था संचालनमा रहेको विवरण प्राप्त भएको छ । पालिकामा सक्रिय रुपमा संचालनमा रहेका सहकारी संस्थाहरुलाई पालिकामा आवद्ध गर्न सकेको देखिएन । सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानुनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिएको देखिएन । नेपालको संविधानले सहकारी संस्थाको दर्ता देखि विघटन सम्मका सम्पूर्ण जिम्मेवारी स्थानीय तहको एकल अधिकार सूची अन्तरगत राखेको तथा सहकारी क्षेत्र भित्रको सम्पूर्ण अविभावकीय दायित्व स्थानीय तहको रहेकोले सहकारी संस्थाहरुलाई पालिकाको सहकारी ऐन बमोजिम सञ्चालनमा ल्याउने तर्फ ध्यानुपर्दछ ।

## २४ आर्थिक विवरणको विष्लेषण

पालिकाको यस आर्थिक वर्षमा आर्थिक विवरणमा देखिएका व्यहोरा देहाय बमोजिम रहेको छ ।

- गत आर्थिक वर्षको मौज्दात रु.१२,६४,५६,८११ रहेकोमा यस आर्थिक वर्षमा मौज्दात रु.१२,११,०२,०६१।८० सारेको देखिन्छ । गत वर्षको अन्तिम मौज्दात भन्दा यस वर्ष रु.५३,५४,७४९।२० कम मौज्दात सारेको देखिन्छ ।
- यस आर्थिक वर्षको श्रेष्तामा रु.७,३२,५८,४३० मौज्दात रहेकोमा बैंकमा रु.७,२७,६७,४२८ मौज्दात रहेको देखिन्छ भने श्रेष्तामा भन्दा बैंकमा रु.४,९१,००२ कम रहेको देखिन्छ ।
- प्रकोष व्यवस्थपन कोष तर्फ गत आर्थिक वर्षको बैंक मौज्दात रु.५३,५४,७५० रहेकोमा यस आर्थिक वर्षमा श्रेष्तामा गत आर्थिक वर्षको मौज्दात रु.३४,१२,१५९ सारेको र यस वर्षको निकासा रु.३०,००,००० भएको देखिन्छ । बैंकमा गत आर्थिक वर्षको बजेट खर्च नभई बाँकी सारेको देखिन्छ भने सुत्रमा यस आर्थिक वर्षमा रु.१०,५७,४०९ भएपश्चात रु.५३,५४,७५० मौज्दात बाँकी रहेको देखिन्छ ।
- म.ले.प.फा.नं. २७० मा पालिकाको कुल बजेट रु.४३ करोड ८४ लाख ४४ हजार रहेको देखिन्छ भने पालिकाको अन्य खाता र CGAS मा रहेको बजेट रु. हजार रहेको देखिन्छ । म.ले.प.फा.नं. २७० मा CGAS तर्फको बजेट समावेश भएको छैन ।

त्यसैले पालिकाले बैंक मौज्दात रकम र प्रकोप व्यवस्थापन कोषमा फरक पर्नुको कारण पत्ता लगाई यथार्थ आर्थिक विवरण तयार गरी पेश गर्नुपर्दछ ।

## २५ दोरम्बा शैलुङ्ग सडक स्तरोन्नती

२५.१ ४।२०८०।०७।०३ पालिकाले दोरम्बा शैलुङ्ग सडक स्तरोन्नतीको कार्य (ठेक्का नं. DSRM/WORKS/NCB/07/079/80) को लागत अनुमान रु.४७,९९,३९५।७७ रहेकोमा रु.३२,७४,९०२।६७ मा सम्झौता गरी कार्य गरेको देखिन्छ । सो योजनामा भौचर नं. १५०

बाट मिति २०८०।०१।१३ मा ब्राईट स्टार बिल्डिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. लाई उक्त योजनाको कार्य संचालन गर्नको लागि रु.३,२७,४९० पेश्की दिएको देखिन्छ । उक्त आयोजनामा कार्य सम्पन्न पश्चात अन्तिम भुक्तानी गर्दा पेश्की कट्टी नगरी भुक्तानी गरेको देखिन्छ । ब्राईट स्टार बिल्डिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. को फछ्र्योट गर्नुपर्ने पश्की फछ्र्योट नगरी अन्तिम भुक्तानी गर्दा रु.३,२७,४९० बढी भुक्तानी भएको देखिन्छ । पेश्की फछ्र्योट नगरी बढी भुक्तानी गरेको रकम सम्बन्धितबाट असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२७,४९० |

२५.२ उक्त आयोजनामा जम्मा रकम भुक्तानी गर्दा पि.एस. आइटमा मूल्य अभिवृद्धि कर समेतको रु.६९३४७।९१ मा पुनः मूल्य अभिवृद्धि कर जोडेर रु.९०१५ बढी भुक्तानी गरेको देखिन्छ । ठेक्का सम्झौता अनुसारको भुक्तानी गर्दा दोहोरो मूल्य अभिवृद्धि कर जोडेर भुक्तानी गरेको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,०१५.२४ |

२६ **डि पि आर निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,१९४,४१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,४९०,३५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,४८९,७८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८३१,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२७ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१४७,०६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८ **लागत अनुमान र कार्य स्वीकार प्रतिवेदन**

१७६।०८१।०३।०६ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले रु.१ लाख भन्दा माथीको निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा प्राविधिकले नाँप जाँच गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ६ मा एभोकाडो विस्तार कार्यक्रम अन्तरगत विरुवा खरिद गरी ब्लू ओसियन एग्रो फार्म प्रा.लि. बाट प्रति विरुवा रु.२२० का दरले ३४६३ वटा विरुवा रु.७,६१,८६० मा खरिद गरी भुक्तानी गरेको छ । विरुवा खरिदको आवश्यक्ता पहिचान, कृषकको माग र छनौट, सम्बन्धित प्राविधिक शाखाको सिफारिस, विरुवा रोप्न लागत अनुमान, कार्य स्वीकार प्रतिवेदन र फिल्ड अनुगमनको निरीक्षण प्रतिवेदन नभई विल विजकको आधारमा भुक्तानी भएकोमा कार्य सम्पन्न भयो भएन आश्वस्त हुन सकिएन । तसर्थ पालिकाले उक्त कार्यको लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तथा फिल्ड निरीक्षणको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६१,८६० |

२९ **विल भरपाई पेश**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका भौचरबाट खर्च रकम भुक्तानी गर्दा देहायका प्रमाण कागजात संलग्न रहेको देखिएन । देहायको खर्चलाई प्रमाणित गर्ने विल भरपाई पेश गर्नुपर्ने रु.

| **सि. नं.** | **भौ. नं. मिति** | **छोटकरी व्यहोरा** | **रकम** |
|---|---|---|---|
| १ | ३०।२०८०।१०।१६ | जनप्रतिनिधि र कर्मचारीको भ्रमण आदेश र भ्रमण विल | २,००,९०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६९४,९३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३९०,६२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,९०० |

३० **मर्मत अभिलेख किताब**

तीनै तहका निकायहरुका लागि लागू हुने गरी आफ्नो आर्थिक कारोबारको प्रकृति अनुसार आर्थिक प्रशासनको चक्रमा समावेश हुने आधारभूत पक्षहरुलाई समावेश गरी समग्र लेखा ढाँचाका नयाँ सरकारी लेखा फारामहरु(म ले प फारामहरु) स्वीकृत गरेको छ । जसमध्ये पूँजीगत, सार्वजनिक सम्पत्ति मर्मत, सम्भार र संरक्षण आवेदन म.ले.प.फा.नं. ४१४ र मर्मत सम्भार तथा संरक्षण अभिलेखको लागि म.ले.प.फा.नं.४१५ मा तोकिएको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिम सवारी साधन र ब्याकलोडर मर्मतमा रु.३०,४२,१६६ खर्च लेखेकोमा स्वीकृत ढाँचा अनुसार अभिलेख राखेको छैन । मर्मत कार्य गर्नुअघी सामानको विवरण, पहिचान नं, अनुमानित मर्मत लागत, मर्मत गर्नुपर्ने कारण, वारेन्टी अवधि भए नभएको, अगाडी मर्मत गराएको पटक र त्यसमा लागेको रकम, यस अघि मर्मत गरेको अवधि लगायत विवरण सम्बन्धित शाखा प्रमुख र प्राविधिकको सिफारिसको आधारमा आवेदन फाराम नं ४१४ स्वीकृत गर्नुपर्नेमा गरेको छैन । आवेदन फाराम स्वीकृत पश्चात मर्मत गर्दा फेरिएको सामानको विवरण र मूल्य, मर्मत गर्दाको अन्य खर्चको विवरण र मूल्य, जम्मा लागत खुल्ने गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख म.ले.प.फा.नं. ४१५ राख्नुपर्नेमा सो समेत राखेको छैन । रीतपूर्वकको आवेदन फाराम र अभिलेख नराखेको कारण गरिएको मर्मत कार्य र सोमा भएको खर्चलाई तुलनात्मक विश्लेषण गर्न सकिएन । स्वीकृत ढाँचा बमोजिम अभिलेख राखी पूँजीगत, सार्वजनिक सम्पत्तिको गुणस्तरयुक्त प्रभावकारी मर्मत सम्भार तथा संरक्षण कार्य व्यवस्थित गरी सम्पत्तिको सञ्चालन र संरक्षण गर्ने गराउने कार्य गर्नुपर्दछ ।

| **सि.नं.** | **मर्मत साधन** | **सवारी साधन संख्या** | **मर्मत खर्च** |
|---|---|---|---|
| १ | डोजर ब्याकलोडर मर्मत | १ | ९४७७१८ |
| २ | स्कार्पियो गाडी | २ | १३५४२१६ |
| ३ | मोटरसाईकलहरु र अन्य मर्मत | १७ | ७४०२३२ |
| **जम्मा** | | **३७** | **३०४२१६६** |

३१ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर पालिकाले यस आर्थिक वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको भएता पनि कर्मचारी पदपूर्ति गरेको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

३२ **तलब भत्ता भुक्तानी**

गृह मन्त्रालयको मिति २०७९।०४।१९ को च.नं. १४८ र पञ्जीकरण विभागको मिति २०७९।४।१३ को परिपत्र बमोजिम एम आइ एस अपरेटर र फिल्ड सहायकको तलब भुक्तानी गर्दा सम्बन्धित स्थानीय तहले ५० प्रतिशत रकम व्यहोर्नुपर्ने उल्लेख रहेको छ । तर, पालिकाले यस आर्थिक वर्षमा एम.आइ.एस. अपरेटर र फिल्ड सहायक कर्मचारीहरुको १० महिनाको तलब तथा भत्ता संघीय सशर्त तर्फबाट भुक्तानी गरेको देखिन्छ भने २ महिनाको तलब मात्र आन्तरिक स्रोतबाट भुक्तानी गरेको देखिन्छ । यसरी मासिक रुपमा तलब भुक्तानी गर्दा ६ महिनाको तलब भत्ता संघीय स्रोतबाट र बाँकी रहेको ६ महिनाको तलब पालिकाको आन्तरिक स्रोतबाट भुक्तानी हुनु पर्नेमा १० महिनाको तलब भत्ता संघीय स्रोतबाट खर्च भएको देखियो । संघीय सरकारको दायित्व भन्दा ४ महिनाको दुई जनाको बढी भुक्तानी भएको तलब तथा भत्ता रु.२,८३,२१६ संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८३,२१६ |

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को सि. नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोही आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाईयो । यस आर्थीक वर्षमा पालिका अन्तर्गतका ७ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| क्र सं | कार्यक्रम | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | सडक निर्माण तथा मर्मत | ९ | ७०,६२,४३९ |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आर्थिक वर्षमा रु.७६,००,००० रकम व्यवस्था भएकोमा रु.७०,६२,४३९ करिब ९२.९२ प्रतिशत खर्च भएको देखिन्छ । यस मध्ये रु.५२,७९,७९६ श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ५०७ जना मध्ये यस वर्ष १०९ जनालाई रोजगारी प्रदान गरेको देखिन्छ । निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाई रोजगारी दिनुपर्दछ ।

३४ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

१५२।०८१।०३।१३ प्रधानमन्त्री कृषि आधूनिकीकरण परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को परिच्छेद ७ को तालिका नं १४ मा कृषि औजार तथा उपकरणहरुमा बढीमा ५० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । तर, पालिकाले आर्थिक वर्ष २०७९।८० मा स्थापना भएको सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रमको निरन्तरता अन्तर्गत

कृषकहरुले कुल बिल रकम रु.११,२९,३६४।७० पेश गरेकोमा सो रकमको ५० प्रतिशतले हुन आउने रकम रु.५,६४,६८२।३५ भुक्तानी गर्नुपर्नेमा रु.६,००,००० भुक्तानी गरेको देखिन्छ । यसरी बढी भुक्तानी भएको रकम रु.३५,३१७ सम्बन्धित कृषक समूहबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,३१७ |

३५ **सामाजिक सुरक्षा**

आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु |
|---|---|---|---|---|
| १ | १७६८६ | २९१६ | १६.४५ | ११७०२४९१८ |

उल्लेखित विवरण अनुसार पालिकामा २०७८ सालको जनगणना अनुसार कुल जनसंख्याको १६.४५ प्रतिशत लाभग्राही रहेको देखिन्छ । पालिकाले सामाजिक सुरक्षाको लाभग्राहीको लगत अद्यावधिक, हिसाब मिलान तथा अनुगमन निरीक्षणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

३६ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ बमोजिम खरिद कार्यको लागत अनुमान तयार गर्दा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानीय र अन्य बजारको प्रचलित दरभाउसमेतलाई आधार लिई नियम १४ बमोजिम लागत अनुमान स्वीकृत गराई खरिद कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाले ५६० थान गाउँपालिका डायरी छपाई गरी आरु के.एस. प्रिन्टिङ प्रेसलाई प्रति थान रु.१०६५.५९ का दरले मू.अ.कर समेत रु.५,९६,७३० भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था बमोजिम लागत अनुमान स्वीकृत नगरी खरिद कार्य गरेकोले नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९६,७३० |

३७ **दैनिक भ्रमण भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१०,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३८ **विज्ञापन छुट**

विज्ञापन संकलन प्रकाशन एवम् विज्ञापन एजेन्सी निर्देशिका, २०५३ को बुदा नं १०(२) क बमोजिम विज्ञापन प्रकाशन गरे वापत २५ प्रतिशत छुट सुविधा सरकारी सम्पूर्ण कार्यालयलाई उपलब्ध हुने व्यवस्था छ । श्री ओम मिडिया नेटवर्कलाई सूचना प्रकाशन गरेवापत २ वटा विल विजक अनुसार हुने रु.२,५०,६०० मा २० प्रतिशतले हुने रु.४९,९२० सरकारी छुट गरी १३ प्रतिशत मू.अ. कर थप गरी रु.२,२५,६३६ भुक्तानी गरेको छ । उल्लेखित निर्देशिका बमोजिम २५ प्रतिशतले हुने रु.६२,४०० सरकारी छुट हुनुपर्नेमा रु.४९,९२० मात्र छुट प्राप्त भएकोले नपुग छुट रकम रु.१२,४८० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,४८० |

३९ **भ्रमण अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले पदाधिकारी र कर्मचारी भ्रमण खर्च शीर्षकमा यो वर्ष रु.३३,२९,६२५ खर्च लेखेकोमा भ्रमण अभिलेख नराखेको कारण भ्रमणमा खटिने पदाधिकारी र कर्मचारीले भ्रमण आवश्यकता स्वीकृत आदेश बमोजिम भ्रमण गरेको हो वा होइन, भ्रमण खर्च किफायती विधि प्रयोग गर्नुपर्नेमा गरेको छ

वा छैन, भ्रमण भत्ता दोहोरो भुक्तानी भएको छ वा छैन, भ्रमण भत्ता दोहोरो भुक्तानी भएको छ वा छैन, कार्यालयमा हाजिर भएको दिनमा समेत भ्रमण भत्ता भुक्तानी भएको छ वा छैन, भ्रमणबाट फर्केपछि सवै कर्मचारीले भ्रमण प्रतिवेदन पेश गरेको छन् वा छैनन् भनि तुलना भिडान र विश्लेषण गर्न सकिएन । अत: नियमावलीमा उल्लेखित व्यवस्था बमोजिम भ्रमण अभिलेख राखी विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणाली थप मजवुत बनाउनुपर्दछ ।

४० **नगद दाखिला बाँकी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **११८,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४१ **राजश्व असुल बाँकी**

कार्यालयसँग करार गरी सम्झौता बमोजिम विभिन्न व्यक्तिलाई निश्चित भाडा दर बुझाउने गरी निर्माण कार्यमा प्रयोग गर्न जेसीवी भाडामा लगेकोमा निम्नानुसार भाडा रकम असुल हुन बाँकी देखिएकोले नियमानुसार असुल गर्नुपर्ने रु.

| जिम्मेवार व्यक्ति | जे.सी.वी. प्रयोग घण्टा | भाडा दर | असुल गर्नुपर्ने |
|---|---|---|---|
| नविन थापा मगर | ६.८ | १२०० | ८१६० |
| ध्रुव पाठक टोकरपुर | ३.२ | १२०० | ३८४० |
| संजीव श्रेष्ठ रजमन्टार | ६.२ | १२०० | ७४४० |
| **जम्मा** | | | १९४४० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६३,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४८६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १९,४४० |
|---|---|

४२ **वडा चालु खर्च**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले

आफ्नो पालिका अन्तरगतका वडाहरुलाई कार्यालय संचालन एवं प्रशासनिक कार्यहरुमा खर्च गर्नको लागि प्रति वडा वार्षिक रु.१० लाखका दरले बजेट विनियोजन गरी खर्च गरेको छ । वडा कार्यालयहरुले विनियोजित रकम पानी तथा विजुली, इन्धन र सवारी साधन मर्मत, पदाधिकारी बैठक भत्ता, भ्रमण, अनुगमन तथा मूल्यांकन खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, संचार तथा पत्रपत्रिका खर्चर विविध खर्च लगायतमा खर्च गरेको पाइयो । वडा कार्यालयमा भएका खर्चको फाँटवारीको नमूना छनौट गरी श्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखिएको छ ।

- इन्धन खर्च लेखेकोमा सवारी लगबुकको अभिलेख संलग्न गरेको छैन ।
- आफ्नो क्षेत्र बाहिर भ्रमण गरी दैनिक भ्रमण भत्ता भुक्तानी भएकोमा भ्रमण अभिलेख राखेको देखिएन ।
- अनुगमन भत्ता भुक्तानी गरी खर्च लेखेकोमा प्रतिवेदन पेश गरेको देखिएन ।
- सवारी साधन मर्मत खर्च लेखेकोमा मर्मत अभिलेख राखेको देखिएन ।
- जिन्सी सामान खरिद गरेकोमा PAMS मा दाखिला गरेको देखिएन ।
- विभिन्न आपुर्तक, पार्टी र व्यक्तिहरुलाई रकम भुक्तानी गर्दा उपयुक्त विद्युतिय माध्यम वा बैंकिङ प्रणाली मार्फत नगरी वडा सचिव मार्फत नगद भुक्तानी हुने गरेको देखियो ।

प्रचलित आर्थिक ऐन, नियम, नीति र निर्देशिका बमोजिम खर्च पुष्ट्याई गर्ने आधारभुत अभिलेखहरु र म.ले.प. फारमहरुको प्रयोग गरी आर्थिक कारोबारलाई विश्वसनिय बनाउनुपर्दछ ।

४३ **किवि खेती विस्तार कार्यक्रम**

स्थानीय तहमा विनियोजन सर्शत अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० को दफा ६ अनुसार पुँजीगत प्रकृतिका कामको हकमा कुल लागतको बढीमा ८० प्रतिशत रकम लाभग्राहीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । पालिकाले किवि खेती विस्तार कार्यक्रम अन्तर्गत कृषि पूर्वाधार निर्माणका लागी निम्नानुसारका व्यावसायिक फार्मलाई अनुदान उपलब्ध गराएकोमा फार्मको लागत सहभागिता २० प्रतिशतभन्दा न्यून देखिएकोले अपुग सहभागिताको रकम सम्बन्धित फर्मबाट असुल गरी प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **गो.भौ..नं./मिति** | **कार्यक्रमको नाम** | **भुक्तानी पाउने** | **कार्यसम्पन्न रकम** | **कुल लागतको २० ले हुने रकम** | **भुक्तानी हुनुपर्ने रकम** | **भुक्तानी भएको रकम** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|
| ३२।२०८१।३।११ | | ग्लोवल नेपाल अर्गानिक एग्रीकल्चर प्रोडक्सन प्रा.लि. | ४२२७७६.४४ | ८४५५५.२८८ | ३३८२२१.१५२ | ३७७७४६ | ३९५२४.८५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४५,८४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४५,५४८.२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३१,८१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३६,४७५.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,५२४.८५ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : दोरम्बा गाउँपालिका, रामेछाप , दोरम्बा शैलुङ गाउँपालिका , रामेछाप

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Naresh Mahato | २०८०-८-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | santa bahadur chauhan | २०८२-१-३१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८७५,४८६.७३ | १३,३४९,१०५.४४ | ९,९५३,३२७.२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २५,१७७,९१९.३७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ९,९७३,७३३.८४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १५,२०४,१८५.५३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७४०३६७४४.५१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१७२५९१३८.५ | चालु खर्च | ०.० |
| प्रदेश सरकारबाट अनुदान | ४०६५८७२३.२ | पूँजीगत खर्च | १६४०९५९१६ |
| राजश्व बाँडफाँट | ९९८३३६५७.०९ | वित्तीय/अन्य व्यवस्था | ४१४४२२५३२.५५ |
| आन्तरिक आय | ७०६०१७५.० | | |
| अन्य आय | १२८०८८७९८ | | |
| कुल आय | ५९२९००४९१.७९ | कुल खर्च | ५७८५१८४४८.५५ |
| बाँकी मौज्दात | | ८८४१८७८७.७५ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ । निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।